# नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट अनुदानमा सञ्चालित गैह्रसरकारी संस्थाहरुको प्रभावकारिता मूल्याङ्कन सम्बन्धी अध्ययन

अन्तिम प्रतिवेदन

महेन्द्रप्रसाद शर्मा
(अध्ययन टोली प्रमुख)

जनसंख्या अध्ययन केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

२०७५, वैशाख

# अध्ययन टोली

| | |
|---|---|
| प्रा.डा.रामशरण पाठक | अध्ययन संयोजक |
| सह.प्रा.महेन्द्रप्रसाद शर्मा | अध्ययनका टोली प्रमुख |
| उप.प्रा.विजयमणि देवकोटा | अध्ययनका टोली सदस्य |

**<u>तथ्याङ्क विश्लेषण तथा प्रतिवेदनलेखन</u>**

| | |
|---|---|
| तथ्याङ्क विश्लेषण | सह.प्रा.महेन्द्रप्रसाद शर्मा<br>उप.प्रा.विजयममणि देवकोटा |
| प्रतिवेदन लेखन | सह.प्रा.महेन्द्रप्रसाद शर्मा |

# भूमिका

प्रस्तुत अध्ययन प्रतिवेदन नेपाल सरकार तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय हाल महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोगमा त्रि. वि. वि. जनसंख्या अध्ययन केन्द्रीय विभाग, कीर्तिपुरको संलग्नतामा मिति २०७४ पुस मसान्तदेखि २०७५ वैशाख १५ सम्मको समय अवधिलाई आधार बनाई तयार पारिएको छ । यसमा उल्लेखित मन्त्रालयले आ.व.२०७३/२०७४ मा समाज कल्याणका विविध क्षेत्र समेट्ने गरी विभिन्न गैरसरकारी संस्थाहरुलाई अनुदान रकम वितरण गरेको र सोको प्रभावकारिता अध्ययन गर्न त्रि. वि. वि. जनसंख्या अध्ययन केन्द्रीय विभागलाई जिम्मा दिएकोमा मन्त्रालयप्रति यस विभागको तर्फबाट अध्ययन टोली हार्दिक आभार व्यक्त गर्न चाहन्छ । यस बाहेक अध्ययन टोलीका तर्फबाट नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री ङइन्द्रप्रसाद उपाध्यायज्यू, सहसचिव श्रीमती राधिका अर्यालज्यू, निर्देशक श्री भरतराज शर्मालगायत मन्त्रालयका यस अध्ययन प्रतिवेदनलेखनमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसका अतिरिक्त यस अध्ययन प्रतिवेदन तयार पार्न विशेष गरी अनुदान प्राप्त संस्थाहरुका प्रतिनिधिहरु, सेवाग्राहीहरु तथा संस्थाप्रति विशेष जानकार व्यक्तिहरु जसले अध्ययनका क्रममा विभिन्न खालको यथार्थ विवरणहरु उपलब्ध गराई यस अध्ययन प्रतिवेदन तयार पार्नमा विशेष सहयोग पुऱ्याउनुभएको छ उहाँहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

त्रि. वि. वि. जनसंख्या अध्ययन केन्द्रीय विभाग

अध्ययन टोली

## तालिका र चित्रहरुका सूचीहरु (List of Tables and Figures) पृष्ठ संख्या


टेबल नं. १ अनुदानमा सञ्चालित संस्थाहरूमा रकमको वितरण ३

टेबल नं. २ संस्थाअनुसार रकम वितरण ४

टेबल नं. ३ ज्येष्ठ नागरिक संस्थाअनुसारको रकम वितरण ६

टेबल नं. ४ फरक क्षमता भएका संस्थाहरूको रकम वितरण ७

टेबल नं. ५ महिला संस्थाको अनुदान रकमको वितरण ९

टेबल नं. ६ बालबालिका सस्थाहरूको अनुदान रकमको विवरण १०

टेबल नं. ७ अनुदान प्राप्त मिश्रित संस्थाको विवरण ११

टेबल नं. ८ संग्लग्न संस्थाहरुले विभिन्न शीर्षकमा गरेको खर्चको विवरण १३

टेबल नं. ९ मात्रात्मक प्रश्नहरूको आधारमा ज्येष्ठ नागरिक, फरक क्षमता भएका, महिला, बालबालिका र मिश्रित संस्थाहरू गरी पाँचै क्षेत्रगत तहको विवरण १५

चित्र नं. १ क्षेत्र अनुसारको खर्च ५

चित्र नं. २ ज्येष्ठ नागरिक क्षेत्रअनुसारको रकम वितरण ६

चित्र नं. ३. फरक क्षमता भएकाको क्षेत्रमा संस्थाहरूको रकम वितरण ८

चित्र नं. ४ क्षेत्रअनुसारको खर्च ९

चित्र नं. ५ मिश्रित संस्थाको खर्च विवरण ११

चित्र नं. ६. संलग्न संस्थाहरुले विभिन्न शीर्षकमा गरेको खर्चको विवरण १४

# कार्य सङ्क्षेप (Abstract)

नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयअन्तर्गत गरिएको यस अध्ययनमा यस मन्त्रालयद्वारा अनुदानमा सञ्चालित विभिन्न गैरसरकारी संस्थाहरूको प्रभावकारिता मूल्याङ्कन गरी सो बारेमा जानकारी प्रस्तुत गर्ने मुख्य उद्देश्य रहेको छ । यस अध्ययनमा परिमाणात्मक र गुणात्मक विधिहरूसँगै मिश्रित विधिको अवलम्बन गरी विश्लेषण गर्ने कार्य भएको छ ।

मन्त्रालयको अनुदानमा नेपाल भरिका ४३८ गैरसरकारी संस्थाहरूले समाज कल्याण मन्त्रालयका विभिन्न विशेष क्षेत्रहरू ज्येष्ठ नागरिक, अपाङ्ग, महिला तथा बालबालिकासँग सम्बन्धित विभिन्न समस्याहरूसँग जुध्न र तिनको जीवनलाई सरल र सहज तुल्याउन कार्य गर्दै आएको परिवेशमा गैरसरकारी संस्थामा सरकारले गरेको लगानीको केकस्तो प्रभावकारिता रहेको छ त भन्ने जानकारी लिन यो अध्ययन गरिएको छ ।

अध्ययनको विधिमा सर्वप्रथम अनुदानमा सञ्चालित कुल संस्थाहरूबाट १० प्रतिशतका दरले ४४ वटा संस्थालाई छान्ने काम भएको छ ।

अध्ययनको मूल आधार सरकारी अनुदानको गैरसरकारी संस्थाहरूले कुनकुन शीर्षकअन्तर्गत केकति रकम खर्च गरे भन्ने विषय एकातिर रहेको छ भने अर्कोतर्फ खर्चका बारेमा संस्थाका प्रतिनिधिहरूसँग मात्रात्मक तथ्याङ्क तथा गुणात्मक तथ्याङ्कसहित मिश्रित तथ्याङ्क सङ्कलन हुने गरी मिश्रित विधिलाई (Mixed Method) अवलम्बन गरी अध्ययनको विश्लेषण गर्ने कार्य भएको छ । खर्चको यथार्थ पक्षबारे अरु विस्तृत जानकारी प्राप्त गर्न लाभग्राहीहरू (Beneficiaries) तथा संस्थाबारे प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध राख्ने जानकारहरू (Key Informants) लाई समेत संलग्न गरिएको छ ।

उल्लेखित विधिका आधारमा सरकारी अनुदानको प्रभावकारिता बारे अध्ययन गर्दा सरकारी अनुदान रकम सामाजिक कल्याणका विभिन्न क्षेत्रमा जुन उद्देश्यका लागि जेजसरी वितरण गरिएको थियो सो उद्देश्यअनुरूप गैरसरकारी संस्थाहरूबाट अधिकतम् मात्रामा कार्यान्वयन गरेको पाइएको छ ।

**<u>सन्दर्भ सूचीहरु</u>** **<u>पृष्ठ संख्या</u>**


| | |
|---|---|
| अध्ययन टोली ( Study Team) | ii |
| भूमिका (Acknoledgement) | iii |
| तालिका र चित्रहरुका सूचीहरु | iv |
| कार्यसङ्क्षेप | v |
| १. परिचय | १ |
| १. (क) अध्ययनको उद्देश्य | २ |
| २. अध्ययन विधि (Research Method) | २ |
| २.(क) नमुना छनौट | २ |
| २.(ख) तथ्याङ्क व्यवस्थापन (Data Management) | ३ |
| ३. अध्ययनको विश्लेषण (Analysis of the Study) | ३ |
| ३.१ अनुदानमा सञ्चालित संस्थाहरूको विवरण | ३ |
| ३.२ ज्येष्ठ नागरिक | ५ |
| ३.३ फरक क्षमता भएका | ७ |
| ३.४ महिला | ८ |
| ३.५ बालबालिका | १० |
| ३.६ मिश्रित संस्था | १० |
| ३.७ विभिन्न क्षेत्रमा संग्लग्न संस्थाहरुले विभिन्न शीर्षकमा गरेको खर्चको सङ्क्षिप्त विवरण | १२ |
| ४. मात्रात्मक अध्ययनको विश्लेषण | १४ |
| ५. गुणात्मक विश्लेषण | १८ |
| ५.१. ज्येष्ठ नागरिक क्षेत्र | १८ |
| ५.२. फरक क्षमता भएका क्षेत्र | २० |
| ५.३. महिला क्षेत्र | २३ |
| ५.४. बालबालिका क्षेत्र | २४ |

५.५. मिश्रित क्षेत्र २५

६.लाभान्वितहरू तथा सही जानकारहरूका भनाइहरू २७

७.अध्ययनको सारांश तथा उपलब्धिहरु २८

८. अध्ययनको निष्कर्ष ३२

९.सुझावहरु ३४

**सन्दर्भग्रन्थहरू(References) ३७**

**अध्ययनमा समावेश भएका अनुदानमा सञ्चालित संस्थाहरू ३८**

**Questionnaires ४१**

## १. परिचय (Introduction)

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट आ.ब २०७३।७४ मा अनुदानमा सञ्चालित गैरसरकारी संस्थाको प्रभावकारिता मूल्याङ्कन गर्ने बारेमा मिति २०७४ साल पुस ३० गतेका दिन मन्त्रालय र त्रि.वि.वि. जनसंख्या अध्ययन केन्द्रीय विभागबीच सम्झौता भएअनुसार प्रस्तुत प्रतिवेदन मन्त्रालयका लागि यस विभागले तयार गरेको हो । प्रस्तुत प्रतिवेदन हालको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विशेष गरेर सामाजिक क्षेत्रमा अनुदान दिँदै आएअनुसार ती संस्थालाई दिइएको अनुदानको अध्ययन काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रे र दोलखामा रहेका गैरसरकारी संथाहरुलाई नमूनाका रूपमा छनोट गरी सञ्चालन गरिएको छ । अध्ययनका विषयहरू संस्था प्रतिबद्ध भई कार्य गरेका ज्येष्ठ नागरिक, फरक क्षमता भएका(Disable), महिला, बालबालिका र मिश्रित संस्थाहरू गरी पाँच क्षेत्रमा विभाजित छन् ।

प्रस्तुत अध्ययनको आधार अनुदान प्राप्त रकम र संस्थाहरूले अनुदान खर्च गरेका विवरणहरूलाई मानिएको छ भने अर्कातिर अनुदानमा सञ्चालित संस्थाहरूको खर्चको विवरणसँगै तिनका क्रियाकलापका आधारहरूमा संस्थाहरूको मूल्याङ्कन गर्दा प्रक्रियागत मूल्याङ्कन (Process Evaluation), परिणामहरूको मूल्याङ्कन (Outcomes Evaluation) र लागत प्रभावकारिता मूल्याङ्कन (Cost Benefit Analysis or Cost efectiveness Evaluation) लाई प्रमुख रुपमा लिइएकोछ । उपरोक्त मूल्याङ्कनमाथि पनि थप मूल्याङ्कन गर्न सेवा लिनेहरू (Beneficiaries) सँग टेलिफोन तथा प्रत्यक्ष सम्पर्क गरी संस्थाहरूका क्रियाकलापबारे प्रश्नहरू सोधिएको छ भने केही संस्थाहरूका क्रियाकलापबारे विशेष जानकारी राख्ने (Key Informants) सँग समेत सम्पर्क गरी अनुदानको प्रभावकारिताबारे अरु गहन अध्ययन गर्ने प्रयास भएको छ ।

### १.(क) अध्ययनको उद्देश्य

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट आ.व.२०७३/०७४ मा गैरसरकारी संस्थाहरूमा उपलब्ध गराएको अनुदानको प्रभावकारिताको अध्ययन गर्नु रहेको छ ।

## २. अध्ययन विधि (Research Method)

आर्थिक वर्ष २०७३।०७४ महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय नेपालबाट अनुदान प्राप्त गरेका संस्थाहरूका क्रियाकलापलाई आधार मानी केही तथ्यगत प्रश्नावलीहरू (Structured Questionnaire) सोधी सेवाग्राहीहरू र जानकार व्यक्तिहरूको आधारमा अध्ययन गरिएको छ । अनुदान प्राप्त व्यक्तिहरूबाट रकम खर्चको वास्तविकता बारेमा पनि अध्ययन गरिएको छ । यो सर्वेक्षण मूलतः ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु, महिला, बालबालिका र सबै क्षेत्र समेटिएको (मिश्रित क्षेत्र) क्षेत्रलाई आधार मानी अध्ययन गरिएको छ । यो सर्वेक्षण प्रश्नावली र अवलोकनमा आधारित छ । अनुसन्धान गुणात्मक, मात्रात्मक तथा मिश्रित विधिको प्रयोगबाट सम्पन्न गरिएको छ ।

यस अध्ययनमा ५ लाखभन्दा कमका अनुदानलाई साना अनुदानअन्तर्गत, ५ लाखदेखि १० लाखसम्मका अनुदानलाई मझौला अनुदान र १० लाखभन्दा माथिका अनुदानलाई ठूला अनुदानमा वर्गीकरण गरिएको छ ।

### २.(क) नमुना छनौट

नमुना छनौटमा परेमा संस्थाहरूका सरोकारवालाहरूबाट विशेष गरेर उत्तर सङ्कलन गर्ने कार्य भएको छ । यसको अलवा केही सेवाग्राही र जानकार व्यक्तिहरू पनि समावेश गरिएको छ । मुख्यतः अनुदानमा सञ्चालित ४३८ वटा संस्थाहरूबाट १०% ले हुन आउने ४४ वटा संस्थाहरूलाई छनौट गरिएको छ । जसमा १६ वटा फरक क्षमता भएका सम्बन्धित काम गर्ने संस्था, १४ वटा ज्येष्ठ नागरिकसम्बन्धी काम गर्ने संस्था, ८ वटा महिलासम्बन्धी काम गर्ने संस्था, २ वटा बालबालिकासम्बन्धी काम गर्ने संस्था र ४ वटा मिश्रित संस्थाहरू समावेश गरिएका छन् ।

## २.(ख) तथ्याङ्क व्यवस्थापन (Data Management)

तयार पारिएका प्रश्नावलीहरू सोधी सम्बन्धित संस्थाहरूका सरोकारवालाहरूसँग तथ्यगत सूचनाहरू सङ्कलन गरिएको छ । यसका साथै सेवाग्राही र जानकार व्यक्तिमार्फत सूचना सङ्कलन गरी त्रुटिहरू सच्याई तथ्याङ्क Mx-Excel मा राखी तालिकीकरण र चित्रद्वारा वर्णन गरिएको छ । साथै गुणात्मक प्रश्नावलीका विषयवस्तुहरूलाई समेत समेटेर यो प्रतिवेदन तयार गरिएको छ ।

## ३. अध्ययनको विश्लेषण (Analysis of the Study)

### ३.१ अनुदानमा सञ्चालित संस्थाहरूको विवरण

यसअन्तर्गत मुख्य गरेर संस्थामा अनुदान दिइएको रकमहरूको बारेमा अध्ययन आवश्यक भएको हुँदा सर्वप्रथम रकमको वितरण बारेमा अध्ययन गरिएको छ ।

**टेबल नं. १ अनुदानमा सञ्चालित संस्थाहरूमा रकमको वितरण**

| प्रकार | रकम(,000 ) | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ठूला | ५५३००० | ८३.० | १० | २२.७ |
| मझौला | ६२०० | ९.३ | १० | २२.७ |
| साना | ५१०० | ७.७ | २४ | ५४.५ |
| जम्मा | ६६६०० | १०० | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

टेबल १ मा जम्मा ६ करोड ६० लाखको वितरण गरिएको छ । अध्ययनमा १० वटा ठूला संस्थामा ५ करोड ५३ लाख अर्थात् ८३ प्रतिशत रकम वितरण भएको छ । त्यस्तै मध्यम स्तरको १० वटा संस्थामा ६२ लाख (९.३ प्रतशित) र २४ वटा साना संस्थाहरूमा रु. ५१ लाख (७.७ प्रतिशत) रकम वितरण गरिएको छ ।

समग्रमा रकम ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति , महिला र बालबालिकाहरूमा काम गर्ने संस्थाहरूको आधारमा वर्गीकरण गरिएको छ । त्यसरी वर्गीकरण गरिएअनुसारको रकम वितरण यस प्रकार छ :


**टेबल नं. २.संस्था अनुसार रकम वितरण**

| प्रकार | रकम(,000 ) | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ज्येष्ठ नागरिक, , | २९५०० | ४४.३ | १४ | ३१.८ |
| फरक क्षमता भएका व्यक्ति, | १३३०० | २०.० | १६ | ३६.४ |
| महिला, | १०५०० | १५.८ | २ | ४.५ |
| बालबालिका | ३९०० | ५९ | ८ | १८.२ |
| मिश्रित क्षेत्र | ९४०० | १४.१ | ४ | ४ |
| जम्मा | ६६६०० | १०० | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

टेबल २ अनुसार १४ वटा ज्येष्ठ नागरिकका संस्थामा २ करोड ९५ लाख (४४.३ प्रतिशत), १६ वटा फरक क्षमता भएका  संस्थामा १ करोड ३३ लाख (२० %), ८ वटा महिलामा ३९ लाख (५.९%), २ वटा बालबालिकाका संस्थामा १ करोड ५८ लाख ( १५.८%) र मिश्रित काम गर्ने ४ वटा संस्थामा ९४ लाख (१४.१%) रकम छुट्टिएको छ । कामका आधारमा संस्थाहरूका भवन निर्माण, तालिम र जनचेतना, खाना, बस्न र तीर्थयात्रा भ्रमणमा रकम खर्च गरिएको छ ।

**चित्र १. क्षेत्रअनुसारको खर्च**




स्रोत : स्थलगत सर्वेक्षण २०७४

भवन निर्माणमा २ करोड ६५ लाख (३९.८%), जनचेतना र तालिमका लागि १ करोड ३२ लाख (१९.८%), खाना र बस्नका लागि १ करोड १४ लाख (१७.१%) र तीर्थस्थल भ्रमणमा १ करोड ५५ लाख (२३.३%) रकम खर्च गरिएको छ ।

## ३.२ ज्येष्ठ नागरिक


ज्येष्ठ नागरिकका २ वटा संस्थामा २ करोड ५१ लाख (६३.२%), ५ वटा मध्यम स्तरका अनुदान प्राप्त गर्ने संस्थाले २८ लाख (२०.१%) र सानो अनुदान प्राप्त गर्ने ७ वटा संस्थाले १६ लाख (११.५%) खर्च गरेका छन् । जुन टेबल ३ मा देखाइएको छ ।

**टेबल नं. ३. ज्येष्ठ नागरिक संस्थाअनुसारको रकम वितरण**

| प्रकार | रकम(,000 ) | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ठूला | २५१०० | ६८.३ | २ | १४.३ |
| मझौला | २८०० | २०.१ | ५ | ३५.७ |
| साना | १६०० | ११.५ | ७ | ५०.० |
| जम्मा | १३९०० | १०० | १४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

**चित्र २. ज्येष्ठ नागरिक क्षेत्रअनुसारको रकम वितरण**




भवन निर्माणमा २ करोड ११ लाख (७१.५%), तीर्थस्थल भ्रमणमा ५९ लाख (२०%), जनचेतना र तालिममा १८ लाख (६.१%) र खाना बस्नमा ७ लाख (२.४%) खर्च भएको छ ।

## ३.३ फरक क्षमता भएका व्यक्ति

फरक क्षमता भएका व्यक्तिहरुको पनि संस्थाअनुसारको रकमको वितरण र क्षेत्रअनुसारको खर्चको विवरण यस प्रकार रहेको छ :


**टेबल नं. ४ फरक क्षमता भएका संस्थाहरूको रकम वितरण**

| प्रकार | रकम(,000 ) | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ठूला | ९५०० | ७१.४ | ४ | २५.० |
| मझौला | २१०० | १५.८ | ३ | १८.८ |
| साना | १७०० | १२.८ | ९ | ५६.२५ |
| जम्मा | १३३०० | १०० | १६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

अध्ययनको क्रममा ४ वटा संस्थामा ९५ लाख (७१.४%) ठूलो रकम, ३ वटा संस्थामा २१ लाख (१५.८%) मध्यम रकम, ९ वटा संस्थामा १७ लाख (१२.८%) सानो रकम वितरण गरिएको छ ।

**चित्र ३. फरक क्षमता भएका व्यक्तिहरुको क्षेत्रमा संस्थाहरूको रकम वितरण**




स्रोत : स्थलगत सर्वेक्षण २०७४

यस क्षेत्रमा जम्मा अनुदान रकम १ करोड ३३ लाख वितरण भएकोमा ७०.७ प्रतिशत रकम सचेतना तथा तालिममा, १५ प्रतिशत रकम निर्माणमा र १४.३ प्रतिशत रकम खाद्यान्न तथा आवासमा खर्च भएको देखिन्छ ।

## ३.४ महिला

महिलामा जम्मा ८ वटा संस्था अनुदान प्राप्त गर्नेमा रहेकोमा मध्यम स्तरको अनुदान प्राप्त गर्ने संस्या १/१ वटा रहेका थिए भने सानो अनुदान प्राप्त गर्ने संस्था ६ वटा थिए ।


**टेबल नं. ५. महिला संस्थाको अनुदान रकमको वितरण**

| प्रकार | रकम(,000 ) | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ठूला | १९०० | ४८.७ | १ | १२.५ |
| मझौला | ८०० | २०.५ | १ | १२.५ |
| साना | १२०० | ३०.८ | ६ | ७५ |
| जम्मा | ३९०० | १०० | ८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

ठूलो अनुदानमा १९ लाख (४८.७%), मध्यम अनुदानमा ८ लाख (२०.५%) र साना अनुदानमा १२ लाख (३०.८%) छ ।

**चित्र ४. क्षेत्रअनुसारको खर्च**




स्रोत : स्थलगत सर्वेक्षण २०७४

चित्र ४ अनुसार भवन निर्माण १९ लाख (४८.७%) र जनचेतना र तालिममा २० लाख (५१.३%) रकम खर्च भएको छ ।

## ३.५ बालबालिका

बालबालिकासम्बन्धी काम गर्ने संस्थाहरूमा २ वटा छनौट गरिएका छन् । ती दुवै संस्थाले खाना र बस्नको लागि १०० प्रतिशत रकम खर्च गरेका छन् ।

**टेबल नं. ६. बालबालिका संस्थाहरूको अनुदान रकमको वितरण विवरण**

| प्रकार | रकम(,000 ) | प्रतिशत | संख्या | प्रतिशत |
|---|---:|---:|---:|---:|
| ठूला | १००० | ९५.२ | १ | ५०.० |
| मझौला | ५०० | ४.८ | १ | ५०.० |
| जम्मा | १०५०० | १०० | २ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

तालिकाअनुसार ठूलो अनुदान प्राप्त गर्ने १ वटा संस्थाले १ करोड (९५.२%) र मध्यम अनुदान प्राप्त गर्ने १ वटा संस्थाले ५ लाख (४.८%) प्राप्त गरेका छन् ।

## ३.६ मिश्रित संस्था

यस्ता संस्थाभित्र महिला, बालबालिका, ज्येष्ठ नागरिक,  र फरक क्षमता भएकामा काम गर्ने सबै संस्थाहरू पर्दछन् । यस्ता संस्थाहरूले सबै क्षेत्रका सेवाग्राहीको काम गरेका छन् ।


**टेबल नं. ७ अनुदान प्राप्त मिश्रित संस्थाको विवरण**

| प्रकार | रकम(,000 ) | प्रतिशत | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ठूला | ८८०० | ९३.६ | २ | ५०.० |
| साना | ६०० | ६.४ | २ | ५०.० |
| जम्मा | ९४०० | १०० | ४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

२ वटा संस्थाले ठूलो अनुदान  ८८ लाख (९३.७ %) प्राप्त गरेका छन् भने साना संस्था २ वटाले ६ लाख (६.४%) रकम प्राप्त गरेका छन् ।

**चित्र ५.मिश्रित संस्थाको खर्च विवरण**




स्रोत : स्थलगत सर्वेक्षण २०७४

यस्ता संस्थाहरूले ७७ लाख (८१.९ %) रकम खान र बस्नको लागि खर्च गरेका छन् । त्यस्तै १५ लाख (१६%) रकम भवन निर्माण र २ लाख (२.१%) रकम तालिम र जनचेतनामा खर्च गरेका छन् । जम्मा ४४ वटा संस्थाहरूले प्राप्त सबै अनुदान शतप्रतिशत खर्च गरेका छन् ।


## ३.७ विभिन्न क्षेत्रमा संग्लग्न संस्थाहरुले विभिन्न शीर्षकमा गरेको खर्चको सङ्क्षिप्त विवरण

सारांशमा तलको तालिका तथा चित्रबाट विभिन्न क्षेत्रमा अनुदान प्राप्त गरी कार्य गरेका संस्थाहरुमध्ये ज्येष्ठ नागरिकसम्बन्धी सबै संस्थाहरुले सबै क्षेत्रमा खर्च गरे तापनि निर्माणमा सबैभन्दा बढी खर्च गरेको देखिन्छ । दोस्रोमा बालबालिकामा काम गर्ने संस्थाहरुले खाना र आवासमा मात्रै सम्पूर्ण खर्च गरेको पाइन्छ । त्यस्तै फरक क्षमता भएका क्षेत्रमा कार्य गर्ने संस्थाहरुले निर्माण र खानामा खर्च गरे पनि तेस्रो सचेतना र तालिममा बढी रकम खर्च गरेको देखिन्छ । त्यस्तै मिश्रित संथाहरुमा काम गर्ने संस्थाहरुले खाना र आवासमा चौथो बढी अनुदान रकम खर्च गरेको पाइन्छ भने सचेतना र निर्माणमा सामान्य खर्च गरेको देखिन्छ । भ्रमणमा अनुदानको रकम खर्च गर्नेमा ज्येष्ठ नागरिक संस्थामा संग्लग्न संस्था मात्रै रहेका छन् ।

**टेबल नं. ८ मा संग्लग्न संस्थाहरुले विभिन्न शीर्षकमा गरेको खर्चको विवरण (,०००)**

| | निर्माण | सचेतना र तालिम | खाना र आवास | भ्रमण | कुल खर्च |
|---|---|---|---|---|---|
| ज्येष्ठ नागरिक | २११०० | १८०० | ७०० | ५९०० | २९५०० |
| फरक क्षमता भएका व्यक्ति | १९९५ | ९४०३ | १९०२ | ० | १३३०० |
| महिला | १९०० | २००० | ० | ० | ३९०० |
| बालबालिका | ० | ० | १०५०० | ० | १०५०० |
| मिश्रित | १५०० | २०० | ७७०० | ० | ९४०० |
| कूल खर्च | २६४९५ | १३४०३ | २०८०२ | ५९०० | ६६६०० |

## चित्र नं. ६ संग्लग्न संस्थाहरुले विभिन्न शीर्षकमा गरेको खर्चको विवरण




## ४. मात्रात्मक अध्ययनको विश्लेषण

## (Analysis of Quantitative Study)

मुख्य मूल्याङ्कन प्रश्नहरूलाई तीन तहमा बाँडिएकामा मात्रात्मक (Quantitative) प्रश्नहरूको आधारमा ज्येष्ठ नागरिक, फरक क्षमता भएका(Disable), महिला, बालबालिका र मिश्रित संस्थाहरू गरी पाँचै क्षेत्रगत तहको विवरण सारांशमा यस प्रकार रहेको छ :

**टेबल नं. ९ मात्रात्मक (Quantitative) प्रश्नहरूको आधारमा ज्येष्ठ नागरिक, फरक क्षमता भएका (Disable), महिला, बालबालिका र मिश्रित संस्थाहरू गरी पाँचै क्षेत्रगत तहको विवरण**

| मूल्याङ्कनका आधार प्रश्नहरु | ठिक छ (संख्यामा) | ठिक छ (प्रतिशत) | ठिकठिकै छ (संख्यामा) | ठिकठिकै छ प्रतिशत) | जम्मा |
|---|---|---|---|---|---|
| सही तरिकाबाट भएका कार्यक्रम | ३६ | ८१.८ | ८ | १८.२ | ४४ |
| सेवाग्राहीको सन्तुष्टि | ३६ | ८१.८ | ८ | १८.२ | ४४ |
| अनुदानको स्थानीय चाहना र आवश्यकता | छ ( ३१) | ७०.५ | छैन (१३) | २९.५ | ४४ |
| लक्षित समूहमा वितरण | ३७(>८०%) | ८४.१ | ७ (<८०%) | १५.९ | ४४ |
| अनुदानको सामाजिक न्यायमा प्रतिनिधित्व | ४० | ९०.९ | ४ | ९.१ | ४४ |
| कार्यक्रमको सम्पनाताका बारेमा | ३० | ६८.२ | १४ | ३१.८ | ४४ |
| कार्यक्रमको प्रभावकारिता | ३० | ६८.२ | १४ | ३१.८ | ४४ |
| कार्यक्रमको लक्ष्यको प्रतिफल | ३५ | ७९.५ | ९ | २०.५ | ४४ |
| स्रोतको लक्षित वर्गमा भएको उपयोगिता | ३७ | ८४.१ | ७ | १५.९ | ४४ |
| सरकार र संस्थाहरुबीचको सम्बन्ध | २६ | ५९.१ | १८ | ४०.९ | ४४ |
| योजनाको समयावधि र प्रतिफल | दीर्घकालीन (३६) | ८१.८ | अल्पकालीन र मध्यकालीन (८) | १८.२ | ४४ |
| सहयोगको प्रकार | राष्ट्रिय सहयोग (२६) | ५९.१ | अन्तराष्ट्रिय सहयोग (१८) | ४०.९ | ४४ |

स्रोत : स्थलगत सर्वेक्षण २०७४

उपरोक्त तालिकामा उल्लेख भएका तथ्याङ्कअनुसार मात्रात्मक विश्लेषणसँग सरोकार राख्ने विशेष गरी १२ ओटा  प्रश्नहरुको जवाफ तथ्यगत आधारमा यस प्रकार रहेको छ :

अनुदान प्राप्त पाँचै प्रकृतिका कुल ४४ ओटा संस्थाहरुका प्रतिनिधिहरुसँग सोधिएको पहिलो प्रश्नमा के कार्यक्रम सही ढंगबाट उपयोग भएको छ त भन्नेमा ८८.८ प्रतिशतले ठिक ढंगले उपयोग भएको बताएका छन् भने बाँकी ११.२ प्रतिशतले ठिकठिकै बताएका छन् । उक्त दर कार्यक्रमका लाभग्राहीहरुबीच कतिको सन्तुष्टि  रहे भन्नेमा पनि उल्लेखित दर बराबरी नै रहेको उल्लेख छ ।

यसै गरी अनुदानको रकमले स्थानीय चाहना र आवश्यकतालाई पूरा गर्‍यो त भन्नेमा ७०.५ प्रतिशतले ठिकठिकै गरेको भने भने २९.५ प्रतिशतले  राम्रो गरेको जवाफ दिएका छन् । अर्को सवालमा सरकारी अनुदानको कति प्रतिशत रकम खर्च लक्षित समुदायमा भएको थियो त भन्दा ८४.१ प्रतिशतले ८० प्रतिशतभन्दा बढी भनेका थिए भने बाँकी २० प्रतिशतले ८० प्रतिशत भन्दा कम रहेको बताएका थिए ।

अनुदानको सामाजिक न्यायमा प्रतिनिधित्व भयो त भन्ने अर्को एक प्रश्नमा ९०.९ प्रतिशतले राम्रोसँग प्रतिनिधित्व भएको जनाएका छन् भने बाँकी ९.१ प्रतिशतले ठिकठिकै भएको जनाएका छन् ।

यसै गरी कार्यक्रम कसरी सम्पन्न गरियो त भन्नेमा ६८.२ प्रतिशतले राम्रोसँग सम्पन्न गरेको र बाँकी ३१.८ प्रतिशतले ठिकठिकै भन्ने जवाफ दिएका छन् । कार्यक्रमको प्रभावकारिता बारे सोधिएको अर्को एक प्रश्नमा ६८.२ प्रतिशतले राम्रो प्रभाव रहेको भने भने बाँकी ३१.८ प्रतिशतले ठिकठिकै रहेको औल्याएका छन् ।

यसै गरी कार्यक्रमबाट चाहेको प्रतिफल प्राप्त भयो त भन्ने प्रश्नमा ७९.५ प्रतिशतले राम्रो भएको र बाँकी २०.५  प्रतिशतले ठिकठिकै भएको औल्याएका छन् । स्रोत

लक्षित वर्गका लागि कति  उपयोगी रह्यो भन्दा ८४.१ प्रतिशतले राम्रो उपयोगी रहेको र बाँकी १५.९ प्रतिशतले ठिकठिकै उपयोगी रहेको जनाएका छन् । यस्तै सरकार र संस्थाहरुबीचको सम्बन्ध कस्तो रह्यो त भन्दा ५९.१ प्रतिशतले राम्रो सम्बन्ध रहेको र बाँकी ४०.९ प्रतिशतले ठिकठिकै भन्ने जवाफ दिएका छन् ।

कार्यक्रमबाट कुन हदसम्मको प्रतिफल प्राप्त भयो त भन्दा दीर्घकालीन भन्नेमा ८१.८ प्रतिशत र बाँकी १८.२ प्रतिशत अल्पकालीन र मध्यकालीन भन्नेमा रहेको पाइयो ।

अन्तमा अनुदान रकमबाहेक अन्य सहयोग अरु   कसबाट लिइयो त भन्दा राष्ट्रिय तहका समाज, परिवारलगायत बाट ५९.१ प्रतिशत र अन्तराष्ट्रिय तहबाट ४०.९ प्रतिशतले सहयोग लिएको देखिन्छ  ।

## ५.गुणात्मक विश्लेषण(Qualitative Analysis)

### ५.१. ज्येष्ठ नागरिक क्षेत्र (Senior Citizen Area)

गुणात्मक विश्लेषणका लागि पनि प्रक्रियागत मूल्याङ्कनअन्तर्गत नौलो काम संस्थामार्फत् के भयो त भन्ने प्रश्नको उत्तरमा ज्येष्ठ नागरिकअन्तर्गत संलग्न संस्थाहरूले वृद्धवृद्धाहरूलाई मन्दिरहरू दर्शन गराउने, धार्मिक भजनकीर्तन र प्रवचन सुनाउने, वृद्धाश्रमअन्तर्गत छरछिमेकका वृद्धवृद्धाहरूलाई एकत्रित गर्ने, देशदर्शनमा घुमाउने, उनीहरूका हकाधिकारप्रति सचेत तुल्याउने तथा उनीहरूलाई सम्मानित गरेर उत्साही तुल्याउने जस्ता सफल कार्यक्रम भएको पाइन्छ ।

यसै गरी प्रतिफलका आधारमा मूल्याङ्कन (Outcome Evaluation) कार्यक्रमका उपलव्धिहरू केके रहे त भनी सोधिएका प्रश्नको जवाफमा वृद्धवृद्धाहरूका लागि वृद्धाश्रम तथा मन्दिर निर्माणमा सहयोग पुऱ्याउने काम भएको, सहाराविहीन वृद्धवृद्धालाई सहारा दिने काम गरेको, उनीहरूका अधिकारप्रति सचेत तुल्याउन सूचना प्रवाह तथा प्रकाशनमार्फत कार्य भएको, वृद्धवृद्धाको स्वास्थ्यप्रति सचेत रही वृद्धहरूका लागि स्वास्थ्य शिविर तथा औषधी वितरणका कार्यहरू खासखास स्थानमा प्रभावकारी रूपमा सञ्चालनमा रहेको पाइएको छ ।

यसै गरी वृद्धहरूको लागि समर्पित भनिएका अनुदान प्राप्त संस्थाहरूका आफ्नै सबल र कमजोर पक्षहरू केके छन् त भन्ने प्रश्नको जवाफमा सबल पक्षअन्तर्गत असहाय वृद्धवृद्धाहरूलाई आश्रम प्रदान गर्ने, दिवासेवाअन्तर्गत वृद्धवृद्धाहरूलाई एकत्रित गरी सन्देशमूलक सङ्गीत कार्यक्रम तथा प्रवचन सुनाउने कार्य नियमित गर्न सक्नु, वृद्धवृद्धाहरूलाई शिविरमार्फत् उपचार गराउनु, उनीहरूका लागि केन्द्रित केही घरहरू

निर्माण गरेको देखिनु, तीर्थ भ्रमण गरी उनीहरूलाई खुसी तुल्याउन सफल हुनुजस्ता सकारात्मक परिणामहरू पाइएको छ ।

ज्येष्ठ नागरिकतर्फ केन्द्रित संस्थाहरूका कमजोरी बारे अध्ययन गर्दा अनुदान आकासे खेतीजस्तो हुनु अर्थात् नियमित हुन नसक्नु, ज्येष्ठ नागरिक ग्राम बने तापनि ती ग्राम ९० प्रतिशत धन हुनेलाई लक्षित गरी निर्माण गरिनु, अधिकांश संस्थाहरूको आफ्नै भवन नहुनु, भ्रमणमा वृद्धवृद्धाहरूलाई लाने क्रममा अधिकांशलाई समेट्न नसक्नु र व्यक्तिगत सम्बन्धमा आधारित भएर भ्रमणमा छनोट गर्ने कारण रकमको सही उपयोगमा प्रश्नचिन्ह उठाउने काम समेत भएको पाइन्छ ।

यसै गरी अनुदानको उपलब्धि बारेको अध्ययन गर्दा अन्तर्राष्ट्रिय संस्थालाई नेपालको बुढ्यौली बारे अनलाइन सेवामार्फत् जानकारी गराउनु, ज्येष्ठ नागरिक सामाजिक रूपमा सम्मानित हुन पाउनु, देशदर्शन कार्यक्रमअन्तर्गत विभिन्न पर्यटकीय तथा धार्मिक महत्त्वका ठाउँहरूको दर्शन गर्न पाउनु, कतिपय सहाराविहीन वृद्ध महिलाहरूलाई विशेष संरक्षण प्रदान गर्नु, वृद्धहरूलाई एकत्रित गरी दिवासेवा कार्यक्रममार्फत् प्रशस्त मात्रामा धार्मिक प्रवचन, सङ्गीत, भजन सुनाएर, गाउन लगाएर प्रशिक्षण गराएको पाइन्छ । यसै गरी योग, सङ्गीतमार्फत् वृद्धवृद्धाहरूलाई स्वस्थ रहन मद्दत पुऱ्याएको पाइन्छ ।

त्यसो त सरकारी अनुदानमा दिगोपन ल्याउन केकस्ता सुझावहरू दिन सकिन्छ त भन्ने सन्दर्भमा संस्थाको आफ्नो भवन हुनुपर्ने, सरोकारवाला निकायको निरीक्षण सबल र चुस्तदुरुस्त हुनुपर्ने, सरकारी अनुदानको प्रभावकारी प्रयोग जोजसले गरिरहेका छन् तिनमा लगानी गर्न सरकारले अनुदानको रकमलाई अनुगमनको आधारमा आवश्यकताअनुसार अरु वृद्धि गरी वितरण गर्नेुपर्ने देखिन्छ । यसतर्फ पहुँचको आधारमा पनि केही संस्थाहरू देखिएका छन् तिनको थप निरीक्षण जरुरी छ । वृद्धावृद्धाहरूलाई सम्बोधन गर्ने गरी कम्तिमा ७ वटा प्रदेशमा सुविधा सम्पन्न ७ वटा नमुना वृद्ध ग्राम निर्माण गर्न जरुरी

देखिन्छ । देशदर्शन कार्यक्रममा तिनलाई आधार बनाई भ्रमण कार्यक्रम गर्ने र अन्य जिल्लामा पनि नमुनाका रूपमा यो कार्य गर्दै लानु उपयुक्त हुने देखिन्छ ।

यसै गरी पुराना अनुभवलाई सँगाल्दै अगाडि बढ्न के गर्नुपर्ला भनी मागिएको सुझावमा ७० वर्ष र यसभन्दा माथिका वृद्धवृद्धाका हकमा निःशुल्क स्वास्थ्य बीमा सरकारले यथाशक्य गराउनु पर्ने, समुदायमा आधारित ज्येष्ठ नागरिक गृह निर्माणमा तत्काल पहल गर्नुपर्ने, ज्येष्ठ नागरिक मैत्री सेवासुविधामाथिको आवाजहरूको सुनुवाइ हुनुपर्ने, कामको आधारमा अनुदान पाउनुपर्ने, स्कूल शिक्षाअन्तर्गतकै पाठ्यपुस्तकमा बालबच्चा र वृद्धहरू बीचको माया ममता बारे प्रशिक्षण गराउनुपर्ने, वृद्धवृद्धाहरूलाई सामाजिक रूपमै प्रोत्साहित गर्ने अभियान निरन्तर सञ्चालन गर्नुपर्ने, असहाय वृद्धवृद्धाको पहिचान गरी तिनको सम्पूर्ण उपचार निःशुल्क गरिनुपर्ने, वृद्धवृद्धालाई उनीहरू सुहाउँदो पर्यटकीय स्थल छनोट गरी भ्रमणका लागि अनुदान रकम उपलब्ध गराउनुपर्ने जस्ता सुझावहरू सरोकारवाला संस्थाहरूबाट उपलब्ध भएका छन् ।

## ५.२. फरक क्षमता भएका क्षेत्र (Disable Areas)

गुणात्मक विश्लेषणका लागि प्रक्रियागत मूल्याङ्कनअन्तर्गत नौलो काम संस्थामार्फत् के भयो त भन्ने प्रश्नको उत्तरमा फरक क्षमता भएका सम्बद्ध संस्थाहरूले फरक क्षमता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि गराएको, कतिपयले रोजगारको स्वरोजगार हुने अवसर पाएको, फरक क्षमता भएका व्यक्तिहरूबाट थुप्रै हस्तकलाका सामान उत्पादन गर्न सक्षम भएको पाइयो ।

यसै गरी प्रतिफलका आधार मूल्याङ्कन (Outcome Evaluation) अन्तर्गत सोधिएको फरक क्षमता भएका क्षेत्रमा सञ्चालित कार्यक्रमका उपलब्धिहरू तथा सबल पक्षहरू के रहेका छन् त भन्ने प्रश्नको उत्तरमा महिलामाथि हुने हिंसाविरुद्ध तालिमसँगै सचेतता कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको, डिजिटल अनलाइन प्रविधिमार्फत

दृष्टिविहीनलाई पठनपाठनको अवसर दिलाएको, फरक क्षमता भएका  र उनका अभिभावकहरूलाई समेत लक्षित गरी क्षमता अभिवृद्धि तालिम उपलब्ध गराएको, बहिराहरूको अध्ययनका लागि पाँच हजार शब्द चयन हुनु, सिडी, एपको निर्माण हुनु, भवन निर्माणको कामसँग फरक क्षमता भएका  महिला, बालबालिकाहरूलाई केही हदसम्म भए पनि आश्रय प्रदान गर्नु, फरक क्षमता भएका  प्रकृतिअनुसार भिन्नभिन्न जिल्लामा केही न केही शाखाहरू विस्तार हुनु, फरक क्षमता भएका केही महिला पुरुषहरूले हस्तकलाका सामान उत्पादन गरी देशविदेशका बजारमा आपूर्ति गर्नु, केही जिल्लामा एप (APP)  निर्माण गरी फरक क्षमता भएका व्यक्तिहरूको विवरण सङ्कलन गर्ने कार्य हुनु, केही तालिम प्राप्त फरक क्षमता भएका व्यक्तिहरू स्रोत व्यक्तिका रूपमा स्थापित हुनु, कतिपय अनुदान प्राप्त क्षेत्रमा उपचारका क्रममा पूरै निःशुल्क सेवा असहाय र गरिबका लागि उपलब्ध गराएको देखिनुजस्ता उपलब्धिहरू यसअन्तर्गत रहेको पाइन्छ । यसै गरी भकभकेलाई बोल्न सहज तुल्याइएको, कतिपय फरक क्षमता भएका व्यक्तिहरुलाई कम्प्युटर तालिमबाट सक्षम तुल्याउने काम भएको, दृष्टिविहीनलाई पढ्ने आवाजयुक्त पुस्तक डिजिटल प्रविधिबाट उपलब्ध गराउने कार्यको थालनी भएको, थेरापी सेवाबाट फरक क्षमता भएका व्यक्तिहरुलाई सहयोग पुर्‍याइएको, फरक क्षमता भएका मैत्री भवन व्यवस्थापन र तिनको शिक्षाको व्यवस्था मिलाउने नमुना कार्य भइरहेको, आय-आर्जनका अवसरहरू विस्तार गर्दै लगिएका  विषयहरुलाई पनि यस अन्तर्गत लिन सकिन्छ ।

यसै गरी फरक क्षमता भएका क्षेत्रमा सञ्चालित कार्यक्रमका कमजोरीका बारेमा अध्ययन गर्दा फरक क्षमता भएका व्यक्तिहरूलाई नयाँ प्रविधिबाट तालिम सञ्चालन गर्न नसकिनु, फरक क्षमता भएका व्यक्तिहरूको विविध स्वरूपबारे भिन्दाभिन्दै अभिलेख पूर्ण रूपमा वा सबै जिल्ला स्तरमा  राख्न नसक्नु, अनुदान रकम समयमै प्राप्त नहुँदा कार्यक्रम फितलो हुने गरेको, दृष्टिविहीनले पढ्ने आवाजयुक्त डिजिटल पुस्तकहरू अति महँगो भएकोले अधिकांशले यसको सदुपयोग गर्न नपाउनु, बहिराको भाषा बुझिदिन

दोभासेहरू चाहिने जुन व्यक्तिगत प्रयोजन र अफिस सञ्चालनका लागि अपरिहार्य भए पनि तिनको खर्च व्यवस्थापनमा चुनौती थपिएको आभाष हुन्छ ।

यसै गरी लक्षित समूहमा केकस्ता परिवर्तन आए त भनी गरिएको अध्ययनमा केही भकभके फरक क्षमता भएका , तालिमपछि बोल्न थालेका, फरक क्षमता भएका व्यक्तिहरुको हकहितलाई संविधानमा स्थापित गराउन सक्नु, दृष्टिविहीन पनि  आवाजयुक्त डिजिटल पुस्तक पढ्ने तालिमबाट प्रशिक्षित हुनु, फरक क्षमता भएका व्यक्तिहरूको सञ्जाल विस्तार भई तीनमा  स्वरोजगार र जनचेतनामूलक कार्यले स्थान ओगट्नु, फरक क्षमता भएका व्यक्तिहरुद्वारा उत्पादित हस्तकलाका सामानले देशविदेशका बजारमा प्रवेश पाउनु, कतिपय फरक क्षमता भएका व्यक्तिहरु थेरापी सेवापछि जीवन सहज भएको अनुभूति गर्नु, फरक क्षमता भएका व्यक्तिहरू पनि विस्तारै आयआर्जनमा संस्थागत रूपमा बढ्दै जानु, कतिपय फरक क्षमता भएका व्यक्तिहरू तालिमपछि स्रोत व्यक्ति बन्न सफल हुनु, केही तालिमपछि रोजगार प्राप्त गर्न सफल हुनुलाई मुख्य रूपमा अनुदानले ल्याएको लक्षित समुदायमाथिको परिवर्तन भन्न सकिन्छ ।

यसै गरी सरकारी अनुदानमा दिगोपन ल्याउन केकस्ता कदमहरू वा सुझावहरू दिन सकिन्छ त भन्ने सन्दर्भमा संस्थाले कामको उपलब्धि र योजना विश्वासका साथ सरकारसमक्ष पेस गर्नुपर्ने र सरकारका प्रतिनिधिले संस्थाको उपलब्धिलाई निरीक्षणको महत्त्वपूर्ण आधार बनाई अनुदान दिँदा दिगो हुने तर्क एकातिर छ भने अर्कातिर  विभिन्न फरक क्षमता भएका व्यक्तिहरूको पहचान गरी तिनका आवश्यकताका आधारमा अनुदान दिँदा दिगो हुने देखिन्छ ।

यसै गरी संस्थामा संलग्न व्यक्तिहरूसँग पुराना अनुभवहरू सँगाल्दै अगाडि बढ्न के गर्नु पर्ला भनी मागिएको सुझावमा कामको प्रकृतिको निरीक्षण गरी अनुदान रकम वितरण गर्नुपर्ने, अनुदान रकम दिँदा समयमा दिनुपर्‍यो, फरक क्षमता भएकाका लागि ऐनअन्तर्गत स्थापना गर्नुपर्ने केन्द्रहरू तुरुन्तै स्थापना गरिनु पर्‍यो, दोभासे राख्ने नीति

सरकारले छिटो भन्दा छिटो अवलम्बन गर्नुपर्‍यो । आफ्नै अफिस नहुने संस्थाले स्थापित संस्थाको अनुदान घटाउने काम भएकोले त्यस्ता संस्थाहरूलाई निरुत्साहित गर्नुपर्ने, फरक क्षमता भएका जो स्कूल शिक्षा प्राप्त गर्छन् त्यसपछि तिनलाई कहीँ न कहीँ रोजगार उपलव्ध गराउनुपर्‍यो । प्रभावकारी फरक क्षमता भएका संस्थाहरू पहिचान गरी तिनीहरुको, क्षमता अरु वृद्धि गर्न अनुदान रकम बढाउने नीति सरकारको हुनुपर्‍यो भन्ने खालका विशेष सुझावहरू रहेको पाइन्छ ।

## ५.३. महिला क्षेत्र (Woman Area)

गुणात्मक विश्लेषणका लागि पनि प्रक्रियागत मूल्याङ्कन (Process Evaluation) अन्तर्गत संस्थामार्फत् नौलो काम के भयो त अथवा कार्यक्रमका उपलव्धिहरू के रहे त भन्ने सवालमा महिला हिंसाविरुद्ध चेतना अभिवृद्धि गर्ने अनपढ महिलालाई लेखपढ गर्न सिकाउने, राजनीतिमा महिला सहभागिता अभिवृद्धि गरी उनीहरूलाई सशक्तीकरण गर्न बल पुर्‍याएको, हस्तकलाका सामान, झोला, चप्पल निर्माण गरेको, सिलाइबुनाइ तालिम तथा बाख्रा, भैंसीपालन र तरकारी खेतीमा महिलालाई सबलीकरण गर्दै लगेको देखिन्छ । यसै गरी महिला कार्यक्रमअन्तर्गत अन्य सबल पक्षहरूमा महिला स्वावलम्बनसहित दक्षता वृद्धि गर्दै लगेको, वातावरण मैत्री कार्यलाई जोड दिइएको जस्ता कार्यहरू भएको पाइन्छ । यस क्षेत्रमा रहेका कार्यक्रमका कमजोरी पक्ष भनेको तालिमसँगै सफल किसानका उपलव्धि बारे अवलोकन गराउन नसक्नु, हिंसाका घटना भएका सबै जिल्लामा संस्थाको विस्तार गर्न नसकिएको, अनुदान रकम कम तर सहभागिता व्यापक बन्ने गरेको कारण कार्यक्रम फितलो बनेको पाइयो ।

यसै गरी महिला क्षेत्रमा सञ्चालित संस्थाहरूका कार्यक्रमहरूबाट के परिवर्तन भयो त भन्ने सवालमा हिंसाविरुद्ध आवाज उठाउने तहमा महिलाहरू सबल बन्दै आएको, महिला शशक्तीकरण भई रोजगार प्राप्त गर्नमा केही हदसम्म सफलता प्राप्त भएको, महिलाहरूको शोषणविरुद्ध चेतना अभिवृद्धि हुने कार्य भएका, त्यसै गरी महिलामार्फत नै

बाख्रा- भैंसी पालनसँगै तरकारी खेतीमा राम्रो सफलता प्राप्त हुने गरेको पनि अध्ययनको क्रममा देखियो ।

यसै गरी सरकारी अनुदानको निरन्तरताका लागि कस्तो कदम चाल्नु पर्ला भन्ने प्रश्नको जवाफमा तालिमबाट वञ्चित तथा महिला साक्षरता बारे महिलाको पहिचान गरी त्यसका लागि अनुदान छुट्याउने विधिको प्रयोग हुनुपर्ने, अनुदान रकमलाई पहुँचका आधारमा होइन संस्थाको आफ्नै क्षमताको विस्तृत मूल्याङ्कन गरी सरकारले नियमित गर्नुपर्दछ । आम्दानीका पर्याप्त सम्भावना पहिचान गरेर मात्रै संस्थाहरूलाई लगानी गर्दा प्रतिफल राम्रो हुने हुँदा यसका आधारमा अरु अनुदान दिन बाटो खुला हुने देखिन्छ । अन्तमा विगतको अनुभवका आधारमा के सुझाव दिनु हुन्छ त भन्ने प्रश्नको जवाफमा महिला हिंसा रोक्न महिलालाई सचेत पार्ने काम स्थानीय तहका स्थानीय नेतृत्व तहमा रहेका महिलाकै पहलमा सुरु गर्दा महिला हिंसा स्वतः कम हुने, अनपढ महिलालाई सामान्य लेखपढ गराउन सरकारी पहल नै जरुरी रहेको, स्वालम्बन प्राप्त महिलालाई प्रयोग गरी थप आय आर्जनको विकासका लागि थप अनुदान विस्तार गर्नुपर्ने, अनुदानको रकम सिधै मन्त्रालयबाट प्रवाह गर्दा स्थानीय तहको विश्वास गुम्ने हुँदा यसका स्थानीय सरकारी निकायलाई नै जिम्मेवार बनाउनुपर्ने जस्ता सुझावहरू प्राप्त भएको पाइन्छ ।

## ५.४. बालबालिका क्षेत्र (Chidlren Area)

गुणात्मक विश्लेषणका लागि पनि प्रक्रियागत मूल्याङ्कन (Process Evaluation) अन्तर्गत संस्थामार्फत के काम भयो त अथवा कार्यक्रमका उपलब्धिहरू के रहे त भन्ने सवालमा बालबालिकाका लागि भूकम्पपछि कक्षाकोठा निर्माण गर्ने काम भएको, बालबालिका सुरक्षित गर्ने र तिनका लागि कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने काम भएको, बालगृहहरू सञ्चालनमा ल्याइएको, बालबालिकाका लागि विद्यालय पुनर्निर्माणमा सहयोग गर्ने, जोखिममा रहेका बालबालिकालाई संरक्षण गर्ने र विद्यालयमा बालबालिकाको संख्या बढाउन सचेतना कार्यक्रम सञ्चालन गर्ने जस्ता उपलब्धिमूलक

कामहरू भएको पाइएको छ । यसै गरी यसका क्षेत्रमा काम गर्ने संस्थाहरूले उल्लेखित सबल पक्षका अतिरिक्त प्रशासनिक कर्मचारीको सेवाको निरन्तरता रकमको अभावमा जोखिममा परेको र जनशक्तिको अभाव समेत खेप्दै आएको जस्ता कमिकमजोरीहरू भेल्दै आएको पाइन्छ ।

यसै गरी लक्षित समुदायमा के परिवर्तनहरू देखा परे त भनी सोधिएको प्रश्नको जवाफमा बालबालिकाले भूकम्पपछि राम्रो कक्षाकोठा प्राप्त गर्नु, जोखिममा परेका बालबालिकाका लागि बालगृह सञ्चालनमा आउनु, दिवा खाद्यान्न कार्यक्रमसँगै विद्यार्थी भर्नामा उल्लेख्य सुधार आउनुका साथै बच्चाको स्वास्थ्यमा सुधार आउने काम भएको समेत पाइयो ।

यसै गरी सरकारी अनुदानको निरन्तरताका लागि केकस्ता कदम चाल्नु उपयुक्त होला त भन्ने सवालमा प्राइभेट स्कूलले १० प्रतिशत निःशुल्क बच्चाहरू पढाउनुपर्नेमा असहाय टुहुरालाई पहिलो प्राथमिकतामा राखी सेवा प्रदान गर्दा यसको निरन्तरतामा सहयोग पुग्ने देखिन्छ । यसै गरी अनुभवका आधारमा सुझाव दिने सवालमा सरकारी दुर्गम खालका स्कूलमा दिवा खाजा कार्यक्रमलाई नियमित बजेटबाट चलाउँदा विद्यालयमा बालबालिकाको संख्या बढ्ने देखिन्छ भने प्रोजेक्टमा आधारित भएर सधैं संस्था चल्दैन तसर्थ नियमित बजेटका माध्यमबाट बालबालिकाका क्षेत्रमा कल्याणकारी काम हुनु जरुरी छ ।

## ५.५. मिश्रित क्षेत्र (Mixed Area)

यसअन्तर्गत त्यस्ता संस्थाहरूलाई लिइएको छ जुन संस्थाले माथि उल्लेखित ज्येष्ठ नागरिक, बालबालिका, महिला तथा फरक क्षमता भएका व्यक्तिहरुका सबै क्षेत्रलाई समेटी आफ्ना क्रियाकलाप सञ्चालनमा ल्याएका छन् । गुणात्मक विश्लेषणका लागि प्रक्रियागत मूल्याङ्कन (Process Evlauation) अन्तर्गत संस्थामार्फत् के काम भयो अथवा

कार्यक्रमका उपलब्धिहरू के रहे त भन्ने सवालमा विविध क्षेत्रअन्तर्गत वृद्धवृद्धालगायतलाई स्वास्थ्य शिविर (साधारण र स्त्रीरोग विशेष) सञ्चालनमा ल्याई उपचार गर्नु, ज्येष्ठ नागरिक, महिला, बालबालिका तथा फरक क्षमता भएका, समेतलाई योग ध्यानमा लगाउन सफल हुनु, अटिजम भएकाहरूका आमा बुवा आफ्ना बच्चालाई सम्हाल्न सक्षम हुनु, अधिराज्यका ३० जिल्लाका ४५७ जनालाई अटिजम तालिम उपलक्ब्ध गराउनुजस्ता पक्षलाई उपलब्धिका रूपमा लिन सकिन्छ । यसै गरी उल्लेखित कार्यक्रमका सबल पक्षहरूमा विभिन्न समूहका महिला फरक क्षमता भएका  अटिजम बालबालिकामा रहेका विभिन्न रोगहरू पत्ता लगाई उपचार गर्नु, तालिम प्राप्तबाट अन्यलाई तालिम दिन सक्षम हुनु, कुष्ठरोगीलगायतलाई व्यवस्थित गरी उपचार हुन सक्नु, अटिजम भएका बालबालिकाहरूलाई आमाबुवाहरूमार्फत् घरमा नै संहाल्न सक्ने बनाउनुलाई सबल पक्षका रूपमा लिन सकिन्छ ।

यसै गरी यस क्षेत्रका कमजोरीहरूमा रोग पत्ता लाग्नु तर औषधीको अभाव हुनु, सेवाग्राहीहरू बढ्नु तर सेवा विस्तारमा समस्या हुनु, ठाउँको अभाव हुनु, तालिम लिएर जानेहरूलाई पिछा गर्न नसक्नु, अटिजम भएका बाबु आमाको मृत्युपछि तिनको अवस्था के हुने भन्ने गम्भीर सवाल रहनु, अटिजमको एक मात्र संस्था नेपालमा रहेकोमा यसको असफलतामा ठूलो धनराशी विदेसिने खतरा रहिरहेको, कुष्ठरोगीका छोराछोरी, नातीनातिनालाई पुनर्वास गराउन नसक्नु आदि सबै यसअन्तर्गतका कमजोरीका रूपमा लिन सकिन्छ ।

यसै गरी कार्यक्रमको हस्तक्षेपपछि लक्षित समुदायमा के परिवर्तन भयो त भन्ने सवालमा स्वास्थ्य चेतना अभिवृद्धि भएको, पूर्ण अनुशासित नागरिक उत्पादनमा सहयोग पुऱ्याइएको, तालिमबाटै असहज बालबालिका तथा युवाहरू सहज बन्दै आएको, अटिजम मैत्री वातावरण बनाउन सफलता प्राप्त भइरहेको, कुलतमा फसेका थुप्रै युवाहरूलाई अध्यात्म ज्ञानबाट मुक्त गरेको, कुष्ठरोगजस्तो भयानक रोगबाट उन्मुक्ति पाउनेको संख्या

बढ्दै जानु, उनीहरूले एकै स्थानमा खानबस्न र उपचारको समेत सुविधा प्राप्त गर्नुलाई पनि परिवर्तनका रूपमा लिन सकिन्छ ।

सरकारी अनुदानको दिगो प्रयोगका लागि रोगीको संख्या र रोगबारे पहिचान विस्तार गरिरहने त्यसबाट केकति रकम  कहाँ खर्च गर्ने भन्ने मात्र निश्चित हुँदैन । रोग लाग्न नदिन पूर्व सावधानी अपनाउन पनि कदम चाल्न सकिन्छ । यसै गरी अध्यात्म ज्ञानको साथै योगको महत्त्वलाई ध्यानमा राखी त्यसतर्फ नियमित रकम छुट्याउँदा कार्यक्रमले दिगो रूप लिन सक्दछ । अनुदानको दिगोपनका लागि अनुगमनमा आधारित सही संस्था छानी अनुदान वितरणले प्राथमिकता पाउनु जरुरी हुन्छ ।

**६.लाभान्वितहरू तथा सही जानकारहरूका भनाइहरू (Statements of Beneficiaries and Key Informants)**

अन्तमा अनुसन्धानको प्रक्रियालाई अरु बढी सत्यतथ्यमा आधारित गर्ने क्रममा गैरसरकारी संस्थाहरूबाट उपलब्ध गराइएका सेवासुविधा ग्रहण गर्ने लाभान्वितहरू (Beneficiaries) का  बीचमा गई गरिने अध्ययन पनि गुणात्मक विश्लेषणअन्तर्गत महत्त्वपूर्ण रहने गर्दछ । यो क्रममा कूल ४४ मध्ये ११ वटा संस्थाका लाभान्वितहरूसँग सम्पर्कमा रही उपलब्ध गराइएका सेवासुविधाहरू बारे धारणा बुझ्ने प्रयास भएकोमा ज्येष्ठ नागरिकअन्तर्गत सेवा सुविधा, उपभोग गर्नेको मात्रा २७% रहेको, फरक क्षमता भएका  व्यक्तिअन्तर्गत ४५% रहेको, महिलाअन्तर्गत १८%, सम्पूर्ण क्षेत्र समेटिएको ९% लाभान्वित रहेका छन् । तिनीहरू अधिकांशले संस्थाबाट उपलब्ध गराएका सेवासुविधाहरू सन्तोषजनक रहेको अभिव्यक्ति दिएका छन् । उनीहरूले अनुदानको रकमलाई अरु विस्तार गरी आफ्ना सेवासुविधाहरू विस्तार गरिदिन आग्रहसमेत गरेका छन् ।

यसै गरी गैरसरकारी संस्थाका क्रियाकलापलाई प्रभावकारी ढंगले सञ्चालन गरेको भनी समाजमा स्थापित संस्थाहरूप्रति विशेष जानकारी भएका व्यक्तिहरू(Key

Informents) बाट सोधपुछ गरेर पनि तथ्याङ्कहरू सङ्कलन गरी निष्कर्षमा पुग्ने अनुसन्धानको प्रक्रिया रहेको हुन्छ । यसअन्तर्गत कूल ४ जना व्यक्तिहरूसँग सम्पर्क गर्न सम्भव भएकोमा ज्येष्ठ नागरिक क्षेत्रअन्तर्गत ५० प्रतिशत Key informents रहेकोमा तिनीहरू सबैले यस क्षेत्रमा काम गर्ने गैरसरकारी क्षेत्रको भूमिका प्रभावकारी रहेको तथा वृद्ध भवन निर्माणमा उपलव्ध अनुदान कम भएको भन्ने तथ्य उपलव्ध गराएका छन् । यसै गरी फरक क्षमता भएका क्षेत्रको प्रतिनिधित्व गर्ने २५ प्रतशित Key informents ले तथा सबै क्षेत्र समावेश गरी काम गरेको गैरसरकारी संस्थामा संलग्न भई कार्य गरेको अनुभूत गर्ने २५ प्रतशित Key Informents ले समेत गैरसरकारी क्षेत्रको कामकारवाहीलाई सकारात्मक रूपमा हेरेको पाइएको छ । अधिकांशले गैरसरकारी संस्थालाई अनुदान दिँदा तिनका वास्तविक क्रियाकलापमाथि गहन अनुगमन गरेर अनुदान दिनु उपयुक्त हुने सुझाव दिएको पाइएको छ ।

## ७.अध्ययनको सारांश तथा उपलव्धिहरु (Summary and Findings of the Study)

प्रस्तुत अध्ययनको मूल आधार मात्रात्मक तथा गुणात्मक विधि दुवैलाई अवलम्बन गरी मिश्रित विधिका माध्यमबाट सत्यतथ्य प्रकाशनमा ल्याउनु रहेको छ । यसअनुसार मात्रात्मक विधिको प्रयोगबाट जानकारी प्राप्त गर्ने सन्दर्भमा सरकारी अनुदानमा सञ्चालित विभिन्न क्षेत्रसँग सम्बन्ध राख्ने संस्थाबाट उपलव्ध गराएको मात्रात्मक परिणाम बारेको प्रश्नहरूको जवाफका आधारमा ज्येष्ठ नागरिक, फरक क्षमता भएका , महिला, बालबालिका र मिश्रित क्षेत्रमा अनुदानबाट सञ्चालित संस्थाका कार्यक्रमहरू सही ढंगबाट सञ्चालनमा रहेको पाइयो । यसै गरी कार्यक्रममा संलग्न सहभागीहरू ८० प्रतिशतभन्दा बढी संस्थाका कार्यक्रमबाट सन्तुष्ट भएको उल्लेख छ भने बाँकी प्रतिशत सबै केही हदसम्म सन्तुष्ट रहेको उल्लेख छ । यसै गरी हरेक क्षेत्रमा सरकारी लगानीको मात्रा स्थानीय अवस्था र आवश्यकताअनुसार भयो त भन्दा अधिकांशले भयो भन्ने जवाफ

दिएको भए तापनि तिनमा केही गुनासाहरू अनुदान रकम कम भएको भन्नेमा देखा परेका छन् । यसै गरी ८० प्रतिशतभन्दा बढी सरकारी अनुदान हरेक क्षेत्रमा लक्षित समुदायको हकहितलाई ध्यानमा राखी खर्च भएको पाइयो । सामाजिक न्यायलाई ध्यानमा राखी रकम वितरण भएको छ त भन्ने प्रश्नको जवाफमा झन्डै ९०.९ प्रतशितले वितरण भएको स्विकारेको पाइयो । यद्यपि यसभित्र महिला क्षेत्रमा संलग्न गैरसरकारी संस्थाहरूको भूमिका अन्यको तुलनामा केही प्रतिशतले कम भएको तथ्याङ्कले औंल्याएका छन् तर पनि सकारात्मक परिणामप्रति यस क्षेत्र पनि बलियो नै देखिएको छ ।

यसै गरी सरकारी अनुदानबाट सञ्चालित गैरसरकारी संस्थाहरूको कार्यक्रमबाट चाहेको उपलब्धि प्राप्त भयो त भन्नेमा झन्डै ८४.१ प्रतिशतले धेरै राम्रोसँग प्राप्त भएको भन्ने जवाफ दिएको पाइयो भने बाँकीले पनि केही मात्रामा प्राप्त भएको सकारात्मक प्रतिक्रिया दिएको पाइएको छ ।

यसै गरी सेवाग्राहीले सुविधाको उच्चतम् प्रयोग गरे त भन्ने सवालमा समग्रमा अधिकांशले सकारात्मक जवाफ दिएको पाइएको छ । यस्तै उपलब्धिहरू कुन हदसम्म प्रभावकारी होलान् त भनी राखिएको जिज्ञासामा अधिकांशको (८१.८ प्रतिशत) दीर्घकालसम्म र बाँकी केहीको मात्र मध्यकालसम्म भन्ने जवाफ पाइयो । सरकारी अनुदानका अतिरिक्त अधिकांश संस्थालाई अन्तर्राष्ट्रिय र राष्ट्रिय सहयोगसमेत रहेकोमा राष्ट्रिय सहयोगअन्तर्गत समाज, परिवार नाता सम्बन्ध बाट ५९.१ प्रतिशत संस्थाले र अन्तरास्ट्रिय तह बाट ४३.९ प्रतिशत संस्थाले सहयोग लिएको पाइएको छ ।

यसै गरी गुणात्मक विधिअन्तर्गत अधिकांश अनुसन्धानमूलक पद्धतिबाट सङ्ग्रह गरिएका विवरणहरूलाई आधार बनाउँदा ज्येष्ठ नागरिकका क्षेत्रमा संलग्न गैरसरकारी क्षेत्रका संस्थाहरूका कामको परिणामलाई हेर्दा ज्येष्ठ नागरिकको चौतर्फी विकासमा संस्थाहरूले खेलेको भूमिका सकारात्मक पाइएको छ । यसै गरी फरक क्षमता भएका , महिला, बालबालिका तथा मिश्रित क्षेत्रमा गैरसरकारी संस्थाहरूले सरकारी अनुदानको

सदुपयोग गरी विदेशी सहयोगसमेत जुटाएर सहाराविहीनलाई सहारा दिएर, नौलो स्थानको भ्रमण गराएर आफ्ना अधिकारप्रति सचेत तुल्याएर, उनीहरूलाई एकताबद्ध पारेर, व्यक्तिगत सीप दक्षताको तालिममार्फत् व्यक्तित्व विकास गरेर, रोजगारी तथा स्वरोजगारीको दरमा विस्तार गरेर, विभिन्न घुम्ती शिविरमार्फत् स्वास्थ्य परीक्षण गरी औषधी उपलव्ध गराएर उपलव्धिमूलक थुप्रै प्रैतिफलहरू दिन सक्षम रहेको पाइएको छ ।

माथि उल्लेखित विविध क्षेत्रमा सकारात्मक प्रतिफलमुखी परिणामहरू निकाल्न अनुदानमा सञ्चालित अधिकांश संस्थाहरू सफल रहे तापनि यी संस्थाहरू स्वयम् आफैं सञ्चालन हुने सन्दर्भमा केही कमजोरीबाट बाँधिएको पनि पाइयो । यसअन्तर्गत कतिपय संस्थालाई बजेट कम भएको कारण लक्षित समुदायमा थुप्रै सन्तुष्टिहरू पूरा गर्न नपाएको अवस्था पनि विद्यमान रहेको पाइयो । यसअन्तर्गत कतिपय संस्थाको आफ्नो भवन वा अफिस पनि नहुनु, अनुदान रकम समयमै निकासा नहुँदा खर्चमा हतारोसँगै लक्षित समुदायलाई व्यवस्थित भएर सेवासुविधा उपलव्ध गराउनमा समस्या आइपरेको देखियो । यसै गरी कतिपयमा वृद्ध मैत्री, फरक क्षमता भएका मैत्री, बालबालिका तथा महिला मैत्री भवनको आवश्यकता खड्किएको पाइयो भने कतिपय लक्षित समुदायलाई तालिम दिन पर्याप्त ठाउँको अभाव हुने गरेको र उपयुक्त स्थान प्रयोग गर्दा खर्च बढी हुने समस्या पनि प्रशस्तै देखापर्‍यो जसले गर्दा अनुदान तथा सहयोग प्राप्त रकमको अनावश्यक क्षेत्रमा नचाहँदा नचाहँदै लगानी गर्नुपर्ने अवस्थासँगै लक्षित समूहका हितहरूलाई खुम्च्याउन बाध्य भएको पाइयो ।

यसै गरी सरकारी अनुदान दिगो रूपमा प्राप्त गरिरहन केकस्ता कदम चाल्नु पर्ला भन्ने सवालमा संस्थाको आफ्नो भवन हुनुपर्ने, योजना, कार्यक्रम र अनुगमनले स्थान पाउनुपर्ने, सरकारी अनुदान अनुगमनमा आधारित हुनुपर्ने, लक्षित समूहको निरन्तर अभिलेख राख्ने र त्यसका आधारमा मात्रै अनुदानको मात्रा प्रवाह गर्ने गर्दा सकारात्मक परिणाम निस्कने देखिन्छ ।

अन्तमा अनुदानमा सञ्चालित संस्थाका प्रतिनिधिहरूलाई पुराना अनुभवबाट अगाडि बढ्न केकस्ता सुझावहरू दिन चाहनु हुन्छ भन्ने प्रश्नको जवाफमा माथिका पाँचै क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरूको जवाफ सङ्क्षेपमा तल प्रस्तुत गरिएको छ ।

अनुदान रकमको मात्रा संस्थाका कामकारवाहीको निरीक्षण गरेर तिनका उपलब्धिहरूका आधारमा प्रवाहित गर्नुपर्ने, ६० वर्ष काटेका वृद्धवृद्धाहरूको निःशुल्क स्वास्थ्य बीमा गरिनुपर्ने, समुदायमा आधारित ज्येष्ठ नागरिक भवन निर्माण गरिनु पर्ने, विभिन्न संस्थामा रहेका असहाय बालबालिकालाई प्राइभेट स्कूलहरूमा १० प्रतिशत निःशुल्क भर्ना गर्ने प्रावधानअनुसार पहिलो प्राथमिकतामा राखी प्रक्रिया अगाडि बढाउन पहल गर्नुपर्ने, असहाय बालबालिका, महिला, फरक क्षमता भएका , वृद्धवृद्धाको उपचार सरकारी अस्पतालमा निःशुल्क गरिनुपर्ने, आफ्नै अफिस नभएका संस्थाहरुले स्थापित संस्थाको अनुदान काट्ने प्रवृत्तिको अन्त हुनुपर्ने, कतिपय रोगहरूको उपचार हुने एकमात्र संस्था नेपालमा रहेकाले (जस्तैः स्पाइनल इन्जुरीका तथा अटिजमका बिरामीका लागि स्थापित संस्था) तिनको स्थायित्वप्रति सरकार सचेत बन्नुपर्ने अन्यथा यी संस्थाको अन्तसँगै ठूलो धनराशी बाहिरिने तथा अधिकांश त उपचारबाटै वञ्चित हुने स्थितिप्रति समयमै सचेत रहनु जरुरी रहेको समेत सुझावहरूमा उल्लेख छ ।

## ८. अध्ययनको निष्कर्ष (Conclusion of the Study)

अनुदानमा सञ्चालित गैरसरकारी संस्थाको प्रभावकारिता मूल्याङ्कन बारेको उपरोक्त विस्तृत अध्ययनबाट निम्न निष्कर्षहरू निकाल्न सकिन्छ :

(क) सरकारी अनुदान रकम सामाजिक कल्याणका विभिन्न क्षेत्रमा जेजसरी जुन उद्देश्यका लागि वितरण गरिएको थियो सो उद्देश्यअनुरूप गैरसरकारी संस्थाहरूले अधिकांशतः कार्यान्वयन गरेको पाइएको छ ।

(ख) सरकारी अनुदान प्राप्त गरेकै भरमा कतिपय गैरसरकारी संस्थाहरूले आन्तरिक तथा वैदेशिक सहयोगसमेत प्राप्त गरेको कारण अनुदान रकमभन्दा धेरै नै रकम लक्षित समुदायमा खर्च गरेको पाइएको छ ।

(ग) गैरसरकारी संस्थाहरूले अन्तर्राष्ट्रिय सहयोग लिँदा उक्त सहयोग रकमबारे सरकारी निकायलाई जानकारी हुनुपर्ने र उक्त रकमसमेतको प्रभावकारिता मूल्याङ्कन गरिँदा संस्थाको पारदर्शिता कायम हुने र अनपेक्षित लाभ लिन खोज्नेहरूलाई नियन्त्रणमा राख्न सकिने स्पष्ट नै छ ।

(घ) सामाजिक सेवाका क्षेत्रमा पुऱ्याएको योगदानका आधारमा अनुदान रकमको मात्रा सानो, ठूलो हुनुपर्नेमा सही अनुगमनको कमीको कारण सो हुन नसकेको अनुभूत भएकोले यसमा सुधार गर्नु जरुरी देखिन्छ ।

(छ) संस्थालाई अनुदान दिँदा निश्चित मापदण्डहरू तोकिनुपर्दछ । यसका आधारमा केकति लक्षित समूहहरू रहेका छन्, केकति लक्षित समूहभित्र नराम्ररी प्रताडितहरूको संख्या रहेको छ, तिनको मूल्याङ्कनसँगै संस्थाका विगतका क्रियाकलाप र तिनका सदस्यहरूको

यथेष्ट विवरणहरू विशेष गरी आर्थिक अनुशासन बारेको जानकारी समेत ग्रहण गरी अनुदानको मात्रा निश्चित गरिनुपर्दछ ।

(ज) पहुँचका आधारमा अनुदान रकम केही संस्थामा प्रभावित भएको अनुभूत भएकाले पहुँचका आधारमा होइन लक्षित समुदायका आवश्यकताहरूको पहिचानका आधारमा हुनु आवश्यक देखिन्छ ।

(झ) अनुगमनको क्रममा फरक क्षमता भएका क्षेत्रमा संलग्न संस्थाहरूका क्रियाकलापहरू अत्यन्तै मार्मिक र परिणामखी अनुमूत भएका छन् । वास्तवमा सामाजिक कल्याणका क्षेत्रमा सबैभन्दा बढी चासोको क्षेत्र पनि फरक क्षमता भएका नै छन् । फरक क्षमता भएका संस्थाहरूका क्रियाकलापहरू सबैभन्दा बढी सकारात्मक र अनुकरणीय पाइएका छन् । तसर्थ परिणामहरू वा उपलब्धिको लेखाजोखा गरी ती संस्थाहरूमा अनुदानको रकमलाई उल्लेखनीय रूपमा बढाउनु जरुरी देखिएको छ । त्यसो त महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका क्षेत्रहरू पनि अनुसन्धानका क्रममा अनुदानका लागि उपयुक्त छैनन् भन्न खोजिएको भने होइन  तर बढी प्राथमिकतामा फरक क्षमता भएकालाई राख्नुपर्ने मात्र भन्न खोजिएको हो ।

(ञ) सरकारी अनुदानको वितरण प्रणाली सामाजिक न्यायका दृष्टिले ९०.९ प्रतिशतले सही प्रतिनिधित्व गर्न सकेको भनाइबाट सरकारी अनुदानको वितरणको सकारात्मक प्रभावकारिता रहेको पाइन्छ ।

(ट) कार्यक्रमको सही ढंगबाट प्रयोग भएको र लाभग्राही पनि सन्तुष्ट रहेको भन्ने दुवैमा उल्लेखनीय प्रतिशत (८८.८) रहेको र लाभग्राही तथा सही जानाकारहरुले पनि यसमा सकारात्मक जवाफ दिएकाले अनुदान रकम वितरणको प्रभावकारिता सकारात्मक देखिन्छ ।

## ९.सुझावहरु (Suggestions)

१. अनुगमनका क्रममा संस्थाका विगतका क्रियाकलाप, उपलब्धिहरु र वर्तमानमा जोखिममा रहेका वर्गहरुलाई केकति मात्रामा संस्थाले सेवासुविधा पुराएका छन् सो आधारमा संस्थाको स्थायित्वलाई समेत ध्यानमा राखी अनुदान रकम वितरण गर्ने प्रयास गरिनुपर्ने हुन्छ तर आ. व. २०७३/२०७४ को मन्त्रालयबाट वितरित अनुदान रकम अपेक्षाकृत मात्रामा अपेक्षित संस्थाहरुमा वितरण गर्न नसकेको आभाष भएको छ। यसमा अत्यावस्यक संस्थाहरुलाई रकम कम गएको र त्यसको विपरित समाजमा खासै धेरै प्रभाव फिजाउन नसकेका संस्थाहरुमा तुलनात्मक रुपमा अनुदान रकम बढी गएको आभाष भएकाले अनुदान रकम वितरण प्रणालीलाई संस्थाहरुको उपयुक्त निरीक्षणका आधारमा न्यायपूर्ण ढंगले वितरण गर्नु जरुरी देखिन्छ।

२. वृद्धवृद्धाहरुको हितलाई ध्यानमा राखी सरकारले गरेको करोडौं अनुदान रकमको लगानीमा सञ्चालन हुने प्रतिष्ठान निर्माणको पक्ष आफैमा सकारात्मक छ तर प्रतिष्ठानमा राज्यको ठूलो लगानी भइसकेपछि ती संस्थाबाट राज्यसँग आश्रित ठूलो समुदायले केकति लाभ ग्रहण गर्न पाउने हो त्यसको सुनिश्चितता त्यस्ता प्रतिष्ठानहरुबाट राज्यलाई हुनुपर्दछ। राज्यले पनि त्यस्ता प्रतिष्ठानलाई पूर्ण रुपमा अनुगमन, नियन्त्रण र निर्देशन गरी सरकारबाट गरिएको अनुदान रकमको अधिकतम् उपयोग हुने गरी प्रशस्त मात्रामा समाजको असहाय वृद्धवृद्धाहरुले प्राप्त गर्ने सुबिधाको सुनिश्चिततालाई निरन्तरतासहित कायम गर्नु जरुरी देखिन्छ।

३. अनुदानवाट सञ्चालित संस्थाहरुले आफ्नो संस्थामा विभिन्न तहमा वितरण गरिनुपर्ने खर्चको लेखापरीक्षण गरिएको पाइयो तर रकम खर्च गर्दा लाभदायी समुदायका मानिसहरुको नाम, ठेगाना, टेलिफोन नम्बरसमेत अधिकांशले उल्लेख नगरेको पाइयो। यसबाट रकमको सदुपयोग वा दुरुपयोग बारे प्रत्यक्ष लाभग्राहीसँग अनुसन्धानकर्ताले

सम्पर्क गरी संस्थाका क्रियाकलापबारे जानकारी लिन समस्या हुने स्वभाविक नै भयो । यसका लागि संस्थाहरुबाट लाभान्वित हुनेहरुको नाम, ठेगाना र टेलिफोन नम्बर संस्थाको माइन्युटमै अनिवार्य अभिलेखीकरण गर्दा संस्थामाथिको विश्वसनीयता बढ्ने, अनुसन्धान प्रभावकारी हुने र संस्थाहरुले पनि उद्देश्यअनुरूप कार्य गर्न बाध्यकारी अवस्था सिर्जना हुने देखिन्छ ।

४. सरकारी अनुदानका साथसाथै कतिपय संस्थाहरुले राष्ट्रिय र अन्तराष्ट्रिय संघसंस्थाहरुबाट ठूलो धनराशी अनुदानका रूपमा निरन्तर तथा यदाकदा प्राप्त गर्ने गरेकोमा त्यस्तो रकमको कारण सरकारी अनुदानको रकम सदुपयोगबाट सकारात्मक परिणामहरु देखापरेको अनुभूतिसमेत भएकाले कुनै पनि संस्थाले बाहिरी सहयोगका रकमहरुको यथार्थ विवरणलाई अभिलेखीकरण गराउनु जरुरी देखिन्छ । नत्र सरकारी अनुदानबाट सानो रकम लिने र त्यही रकमलाई आधार बनाई वैदेशिक सहयोग लिई त्यसको गलत प्रयोग हुने सम्भावना पनि देखिएको छ ।

५.अनुदान रकमको मात्रा संस्थाका कामकारवाहीको निरीक्षण गरेर तिनका उपलब्धिहरूका आधारमा प्रवाहित गरिनु पर्ने ।

६.समुदायमा आधारित ज्येष्ठ नागरिक भवन निर्माणलाई सरकारले उच्च  प्राथिमकतामा राख्नुपर्ने ।

७. विभिन्न संस्थामा रहेका असहाय बालबालिकालाई प्राइभेट स्कूलहरूमा १० प्रतिशत निःशुल्क भर्ना गर्ने प्रावधानअनुसार पहिलो प्राथमिकतामा राखी प्रक्रिया अगाडि बढाउन पहल गर्नुपर्ने ।

८. असहाय बालबालिका, असहाय महिला, फरक क्षमता भएका ,र वृद्धवृद्धाको उपचार सरकारी अस्पतालमा निःशुल्क गरिनु पर्ने ।

९. आफ्नै अफिस नभएका संस्थाहरुले स्थापित संस्थाको अनुदान काट्ने प्रवृत्तिको अन्त हुनु पर्ने ।

१०.कतिपय रोगहरूको उपचार हुने एकमात्र स्थापित संस्था नेपालमा रहेकाले (जस्तैः स्पाइनल इन्जुरीका तथा अटिजमका बिरामीका लागि) तिनको स्थायित्वप्रति सरकार सचेत बन्नुपर्ने अन्यथा यी संस्थाको अन्तसँगै ठूलो धनराशी बाहिरिने तथा अधिकांशतः उपचारबाटै  वञ्चित हुने स्थितिप्रति समयमै सचेत रहनु जरुरी देखिन्छ ।.

११. सरकारले कतिपय संस्थालाई सिधै मन्त्रालयबाट रकम उपलव्ध गराउँदा स्थानीय तहको उपस्थितिलाई चुनौती दिए जस्तो हुने र प्रत्यक्ष निगरानी पनि नहुने हुँदा स्थानीय निकायलाई प्रधानता दिई अनुदान वितरण गर्दा यसले अनुदानको दिगोपनलाई सहयोग पुऱ्याउँदछ ।

## सन्दर्भ ग्रन्थहरू(References)


नेपाल सरकार, (२०७४) *वार्षिक प्रगति प्रतिवेदन २०७३।०७४).* महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, काठमाडौं ।

Khanal, R.K. (2012). *Social Security/Social Protection in Nepal.* Situation Analysis, ILO, Nepal.

Koehler's G. (2011). *Social Protection and Socio economic Security in Nepal,* IDS. Worksing Paper's (Kathmandu, CSPIDS).

Ostlund, U. Kidd, L. Wengstrom, Y. & Ruwa- Dewav, N. (2011). Combing qualitative and quantitative research within mxied method research design: a methodological review. *International Journal of Nurshing Studies*, 48(3).

Swedish International Development Cooperation Agency(2004). Looking Back, Moving Forward. SIDA Evaluation Manual. Stockholm.http://www.sida.se/

Trochim, W.N. (2003), *Research Methods Knowledge Base.* New York: Atomic Dog Publishing.

United Nations Population Fund (2004),The Programme Manager's Planning, Monitoring and Evaluation Toolkit. New York.

http://www.unfpa.org/

# अध्ययनमा समावेश भएका अनुदानमा सञ्चालित संस्थाहरू

## क.अपाङ्गसम्बन्धी काम गर्ने संस्थाहरू:

१. राष्ट्रिय अपाङ्ग महासंघ

२. नेपाल नेत्रहीन संघ

३. राष्ट्रिय बहिरा महासंघ नेपाल

४. स्पाइनल इन्जुरी

५. राष्ट्रिय अपाङ्ग पुनर्स्थापना केन्द्र, नेपाल

६. सिर्जनशील अपाङ्ग आवाज समूह

७. सि.वि.आर. भक्तपुर

८. पुनर्स्थापना र विकासका लागि स्रोत

९. नेपाल भकभके महासंघ नेपाल

१०. नेपाल नेत्रहीन संघ

११. प्राकृतकि वातावरणीय तथा शैक्षिक विकास समाज

१२. बौद्धिक अपाङ्गता अभिभावक महासंघ

१३. बौद्धिक अपाङ्गता अभिमुखीकरण महासंघ

१४. नेपाल होचापुड्का संघ

१५. नेपाल आदिबासी जनजाति महासंघ

१६. अपाङ्ग अधिकार र विकासका लागि क्रियाशील नेपाल

ख. **ज्येष्ठ नागरिकसम्बन्धी काम गर्ने संस्थाहरू**

१७. जे.पि. प्रतिष्ठान

१८. मनमाहेन स्मृति प्रतिष्ठान

१९. एजिङ्ग नेपाल

२०. निःसहाय सेवा सदन

२१. ज्येष्ठ नागरिक सेवा केन्द्र

२२. सिरिडी साई वृद्ध समाज

२३. ज्यापू समाज

२४. मातापिता सेवा सदन

२५. श्री भगवती मन्दिर व्यवस्थापन समिति

२६. ज्येष्ठ नागरिक समाज नेपाल

२७. दिव्य सेवा निकेतन

२८. हराभरा सामाजिक सेवा समिति

२९. श्री प्राणनाथ माइती वृद्धाश्रम

३०. ज्येष्ठ नागरिक सेवा समाज

**ग.महिलासम्बन्धी काम गर्ने संस्थाहरू**

३१. नेपाल अपाङ्ग महिला संघ

३२. सामाजिक कार्यका लागि सम्पूर्ण शक्ति (इप्सा)

३३. अपर्णा गरिबी निवारण संस्था

३४. गन्तव्य सामाजिक पहुँच नेपाल

३५. महिला जागरण तथा सशक्तीकरणका लागि तालिम

३६. विदेह फाउन्डेसन

३७. दिव्यदृष्टि नेपाल

३८. महिला सुरक्षा दबाब समूह

**घ. बालबालिकासम्बन्धी काम गर्ने संस्थाहरू**

३९. नेपाल बाल संगठन

४०. जीवनका लागि भोजन

**ङ. अन्य संस्थाहरू**

४१. नेपाल कुष्ठरोग निवारण संघ

४२. ब्रह्मकुमारी राजयोग सेवा केन्द्र

४३. मुदिता सेवा गृह

४४. अटिजम केयर नेपाल सोसाइटी

# Questionaires

## (Questionnaires for Evaluation of Government Funding Programmes)

Name of Organization: …………………………………..

Address:

Name of Respondent:

Contact Number:

| SN | Type of Activities | Program wise allocate budget | Implemented Budget | Remaining budget |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# Key Evaluation Questions

## A) Process Evaluation

**i) Grants**

Big (greater than Rs.1000, 000)…….1

Medium (Greater than 500, 000 and less than 1000, 000) ---2

Small (less than 500, 000) ---------------3

1) Is the program being implement correctly?
2) How are program clients satisfied?
3) What has been done in innovative way?
4) Does the size of grants reflects local conditions and needs?

5) What percent of the government grants distributed to the target groups?
6) Had funding made visible the sector role in supporting social justice (Whether right persons or not)?
7) How is the program being implemented?
   a) Very good---------1
   b) Good---------------2
   c) Not so good not so bad---3

## B) Outcomes Evaluation

8) How well did the program work?
9) Did the program produce or contribute to the intended outcomes?
10) What were the outcomes of the programme?
11) What were its strength and weakness?
12) What changes have occurred to the target groups?
13) What other factors contributed to achieving these outcomes?

a. Family support, b. Relatives supports, c. Societal supports

## C) Cost Effectiveness Analysis (Cost Benefit Analysis)

14) Is the program is best uses of resources on particular clients?
15) What were the outcomes of donation?
16) How well does the program align with government and agencies priority?
17) To what extent is the program achieving the intended outcomes?
   a) Long Term
   b) Medium Term
   c) Short Term
18) Do you have any suggestions of basic steps to get Sustainability of the Government's donationation?
19) Looking back, moving forward, any more suggestions ?

(Please record name and address of beneficiaries and KI in backside of the questionnaires).

**Thank you.**

## Beneficiaries Based Check Lists

Individual name:

Tel:

**1. What type of support you get from the organization?**

a. funding    b. Material support    c. Any others? ................

**2. In what sectors do you spent money or materials that you had got from NGO?**

A. Clothing

B. Food

C. Health

D. Children (may be grand sons or daughters)

E. Religious Activities

F. Recreations

G. Specify any others……..

**3. Do you have satisfied from the support of the**

**organization?**

a. satisfied    b. **Not satisfied**

**4. if not satisfiedwhat should be done?**

a. funding  or  materials should be increased

b. Specify any others ………………………………………..

**5. Any more suggestions?  ……………………………**

6. Is NGO identifying appropriate representative? (Surveyor

should tick own self by observation of the representative according to his appearance i.e. vulnerable or marginalized or any others?)

a. Yes b. No

**Thank you.**

# KII (Key informant Interview)

Name:

Organization:

Telephone No:

**1. Do you have any knowledge about………………………………………………… NGO?**

a. Yes

b. No

**2. If yes in which field does this NGO work?**

a. Senior citizen

b. Children

c. Women

d. Disable

**3. Did the NGO worked sound based or selected right beneficiaries?**

a. Yes

b. No

**4. If yes what are its positive activities**? ………………..

**5. If no specify the causes**……………………………………….

**6. Any more suggestions About the NGO's activities?**

……………………………………………………………………

**The End.**